नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email :info@pmep.gov.np
Website: pmep.gov.np

प.सं. २०७९/८०
च.नं./PMEP ३९१

मिति:२०७९/११/१६

श्री रोजगार सेवा केन्द्र, (२०८ स्थानीय तहमा सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालन सम्बन्धी)

**बिषय: कामका लागि पारिश्रमिकको बजेट खर्च गर्ने सम्बन्धमा ।**

प्रस्तुत बिषयमा यस प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. २७३, मिति २०७९।०९।२१ को पत्रानुसार चालु आर्थिक बर्ष २०७९।०८० का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको बजेट उपशिर्षक ३७१००१०३ युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (आई.डि.ए.को सोधभर्नामा आधारित ऋण) तर्फ खर्च शीर्षक नं. २२५२२ को रोजगार सृजना(कामका लागि पारिश्रमिक) क्रियाकलाप सञ्चालनमा बजेट खर्च गर्ने सम्बन्धमा उल्लिखित २०८ स्थानीय तहहरुमा सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालनार्थ ४० जना सूचिकृत बरोजगारहरुलाई ५० दिन बराबरको कामको लागि पारिश्रमिक अन्तर्गत छनौट भएका रोजगार आयोजनामा खटाउने व्यवस्था हुन र सोही ४० जना सूचिकृत बरोजगारहरुलाई बाँकी ५० दिन बराबरको रकम मन्त्रालयले तालिम सेवा प्रदायक सस्था छनौट गरी स्थानीय तहमा तालिम सञ्चालन गर्दाका बखत सहभागीहरुलाई न्यूनतम् ज्याला रकम बराबरको रकम भुक्तानी हुने गरि व्यवस्थापन गर्ने व्यहोरा अवगत गराईएको सन्दर्भ विधितै छ ।

उपरोक्त सम्बन्धमा तोकिएका अधिकाशं स्थानीय तहहरुबाट कामका लागि पारिश्रमिकको लागि उपलव्ध गराईएको बजेट खर्च भई सकेको साथै चालु आर्थिक बर्षमा तालिम सेवा प्रदायकको छनौट पश्चात स्थानीय तहमा ५० दिनको सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालन गर्न पर्याप्त समय नहुने सम्भावना देखिएको हुँदा चालु आर्थिक बर्षमा रोजगारी श्रृजनाको लागि उपलव्ध गराईएको बजेट साविक बमोजिम नै तोकीएको विधि/प्रकृया अनुसार कार्य सम्पन्न गरि खर्च गर्ने व्यवस्था मिलाउनुहुन निर्णयानुसार अनुरोध छ ।

(उषा थपलिया(पाण्डे))
शाखा अधिकृत